म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३२४ शनिबार, २१ असार २०८२ ने. सं. ११४५ दिल्लाथ्व 5 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## खैरोहेरोइन सहित २ जना पक्राउ

हेटौंडा, २० असार/लागूऔषध खैरोहेरोइनसहित मकवानपुर प्रहरीले २ जनालाई पक्राउ गरेको छ । हेटौंडा-१७, अंगारेश्वर मन्दिर परिसरबाट प्रहरीले १ ग्राम २३० मिलीग्राम लागूऔषध खैरोहेरोइनसहित नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिका-१४ घरभई हाल हेटौंडा-१७ बस्ने २६ वर्षीय कपिल घर्ती र पर्सा जिल्लाको बीरगन्ज महानगर पालिका-१६ का २४ वर्षीय अनुत्तमबहादुर श्रेष्ठलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

अंगारेश्वर मन्दिर परिसरमा लागूऔषध सेवन गरिरहेको भन्ने विशेष सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट हटियाबाट खटिएको प्रहरी टोलीले घर्ती र श्रेष्ठलाई पक्राउ गरेको थियो । मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद अनुमति लिई उनीहरुलाई हिरासतमै राखी थप अनुसन्धानकार्य भइरहेको प्रहरीले जनाएको छ ।

### बजेट प्रस्तुत भएको २० दिनपछि प्रदेशसभामा छलफल सुरु

# सरकारको नाम 'रकम वितरण केन्द्र' राख्न सत्तापक्षकै सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ बागमती प्रदेश सरकारको बजेट सदनमा पेश भएको २० दिन पछि बल्ल छलफल सुरु भएको छ ।

असार १ गते प्रदेश सभामा पेश भएको बजेटमाथि विपक्षी दल र सत्तापक्षकै असन्तोषका कारण छलफल हुन सकेको थिएन । आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले असार १ गते प्रदेशसभामा बजेट पेश गरेकोमा त्यसयता बजेटमाथिको छलफलका लागि पटकपटक प्रदेशसभाको बैठक बोलाइए पनि बैठक बस्न सकेको थिएन । बिहिबार प्रतिपक्षी दलहरुसँग ८ बुँदे सहमति भएसँगै प्रदेशसभा बैठक सुरु हुने वातावरण बनेको थियो । शुक्रबार बिहान ११:३० बजेदेखि बसेको बैठकमा बजेटप्रति प्रदेशसभा सदस्यले तीव्र असन्तुष्टि जनाएका छन् ।

शुक्रबार बसेको प्रदेशसभा बैठकमा सांसद्हरुले बजेट असन्तुलित, टुक्रे आयोजना केन्द्रित र पक्षपातपूर्ण रहेको आरोप लगाउँदै सरकारको आलोचना गरेका हुन् । उनीहरुले बागमती सरकारको बजेटप्रति व्यापक असहमति जनाएका थिए । मुख्यमन्त्री र अर्थमन्त्री तथा पहुँचका आधारमा आफ्नै निर्वाचनक्षेत्रलाई प्राथमिकता दिएको आरोप सत्तापक्षका सांसद्हरुबाटै उठेका छन् । यो प्रवृत्तिले समग्र प्रदेशको सन्तुलित विकासलाई असर पुर्‍याउने चेतावनी उनीहरुले दिएका छन् ।

सत्ता र प्रतिपक्ष दुवैका सांसद्हरुले बजेटको संरचना, कार्यान्वयन सम्भाव्यता र प्राथमिकता माथि प्रश्न उठाउँदै सरकारलाई पुन:विचार गर्न आग्रह गरेका छन् । विकासको नाममा रकम वितरण केन्द्रमा परिणत भएको भन्दै उनीहरुले सरकारप्रति आक्रोश पोखेका थिए । बजेटप्रति असन्तुष्टि जनाउँदै सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसका सांसद् प्रभात तामाङले प्रदेश सरकारको नाम 'रकम वितरण केन्द्र' राख्न सुझाव दिए । उनले प्रभावकारी बजेट बनाउन नसकिने प्रदेश सरकार नभएको भन्दै सरकारको नाम रकम वितरण केन्द्र राख्न सुझाव दिएका हुन् ।



'यही तरिकाले जाने हो प्रदेशको विकास हुने छैन । यस्तो किसिमको बजेट बनाउने हो भने यो प्रदेश सरकार होइन', उनले भने, 'अब हामीले सरकारको नाम के गर्ने हो भने यो रकम वितरण केन्' भनेर राख्नुपर्‍यो ।' गन्तव्यमा पुग्न नसकिने बजेट ल्याएको भन्दै उनले सरकारलाई जिम्मेवार हुन आग्रह गरे । यस्तै कांग्रेस सांसद रमेशकुमार महतले चालु आर्थिक वर्षको अन्त्यमा १३ अर्ब रुपैयाँ राजस्व उठाउने चुनौती रहेको बताए । यो अवस्था सम्भव नभए बजेट कार्यान्वयनमा संकट पर्ने उनले बताए । सरकारले प्रभावकारी, दीर्घकालीन र गेम चेन्जिङ गौरवको कार्यक्रम समेट्न नसकेको बताए ।

यसैगरी नेपाल मजदुर किसान पार्टीका संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले बजेटलाई प्रदेश सरकारको कार्यशैली, सोच र क्षमताको दर्पणको संज्ञा दिएका छन् । अहिलेको जस्तो हावादारी बजेट विगतमा नआएको उनले टिप्पणी गरे । उनले बजेटमा पार्टीगत स्वार्थ र पहुँचको भरमा गरिएको विनियोजनले सरकारको चरित्र उजागर गरेको टिप्पणी गरे । प्रदेश सरकारको बजेट हालसम्मकै कमजोर, असन्तुलित र भेदभावयुक्त रहेको उनको भनाई छ । प्रमुख प्रतिपक्ष नेकपा माओवादी केन्द्रका सांसद युवराज दुलालले बजेटमा दीर्घकालीन सोचको अभाव रहेको बताए । उनले सरकार बजेट बाँड्नेमा त सक्रिय देखिए पनि स्रोत व्यवस्थापन र दीर्घकालीन रणनीतिमा उदासीन रहेको टिप्पणी गरे ।

उनले बहुवर्षे आयोजनालाई आवश्यक बजेट नदिएकोप्रति आपत्ति जनाए । सरकारको बजेट पुन:लेखन गर्न उनले माग गरेका छन् । यसैगरी माओवादी केन्द्रका अर्का सांसद् युवराज चौलागाईले बजेट ल्याउन मन्त्रीहरुको योग्यता नपुगेको जिकिर गरे । सत्तापक्षीय दल नेकपा एमालेका सांसद् डा. दिनेशचन्द्र देवकोटाले बजेट क्षेत्रीय सन्तुलन नरहेको टिप्पणी गरे । बागमती प्रदेशलाई शिक्षा, स्वास्थ्यको हब बनाउने सम्भावना भएपनि बजेटले त्यसलाई सम्बोधन गर्न नसकेको उनले बताए । बजेटमा मन्त्रीहरुले आफू १३ वटै जिल्लाको मन्त्री हुँ भन्ने भावनालाई प्रतिनिधित्व गर्न नसकेको उनको भनाई छ ।

नेपाली कांग्रेसका सांसद् रामकृष्ण चित्रकारले कुनैपनि बजेट '३२ लक्षण' युक्त नहुने बताए । भएको कमीकमजोरीलाई सुधार गर्दै राम्रो पक्षलाई आत्मसात् गरेर अगाडि बढ्नुपर्ने उनले बताए । विरोधको लागि विरोध गर्ने परिपार्टीले कहिँ कतै नपुगिने उनले उल्लेख गरे । सकारात्मक दृष्टिकोण राखेर आगामी दिनमा बजेटलाई अझ परिष्कृत गर्ने दिशामा छलफल केन्द्रित हुनुपर्ने उनको भनाई छ ।

**नीति तथा कार्यक्रमलाई आधार बनाएर बजेट ल्याइएको होः मन्त्री काफ्ले**

छलफलको क्रममा उठेका जिज्ञाशाको जवाफ दिँदै अर्थमन्त्री काफ्लेले आफूले घाटा बजेट नल्याएको दाबी गरे । आय र व्ययको सही ढंगले अनुमान गरेर नै बजेट ल्याएको उनले जिकिर गरे । बजेटलाई अधिकतम रुपमा सन्तुलित बनाउने कुरालाई प्राथमिकतामा राखेको उनको दाबी थियो । सरकारको आगामी नीति कार्यक्रमसँग आधारित रहेर बजेट निर्माण गर्नुका साथै विगतका क्रमागत र बहुवर्षीय आयोजनामाथि पर्याप्त बजेट विनियोजन गरिएको उनले उल्लेख गरे ।

'आगामी बजेटले सहकार्य र साझेदारीमार्फत लगानी गरी उत्पादन बढाउन जोड दिइएको छ । सार्वजनिक खर्च र बजेट प्रणालीमा सुधार गरी खर्चमा प्रभावकारीता ल्याउने प्रयास गरिएको छ । उनले भने, 'बागमती प्रदेशमा व्यापारी केन्द्र र बजारक्षेत्रको विस्तार गर्दै युवालाई स्वदेशमा रोजगारी सिर्जना गर्नका लागि स्टाटअप कार्यक्रमलाई प्राथमिकतामा राखेको छु ।'

'प्रदेशको वित्तीय सन्तुलनलाई ध्यानमा राखी आगामी आर्थिक वर्षको राजस्व परिचालन लाई जोड दिँदै आन्तरिक आम्दानी, वित्तीय हस्ताणतरणबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम र नगद मौज्जाद समेतको प्रक्षेपणलाई यर्थाथमा आधारित बनाएको छु' मन्त्री काफ्लेले बताए । अर्थमन्त्री काफ्लेले बजेट निर्माण गर्दा नीति तथा कार्यक्रमलाई आधार बनाइएको स्पष्ट पार्दै बहुवर्षीय योजनामा पर्याप्त बजेट विनियोजन गरिएको उल्लेख गरे । कृषि, पर्यटन, पूर्वाधार, स्वास्थ्य, उद्योग, सूचनाप्रविधि, वातावरण लगायत विभिन्न क्षेत्रमा सन्तुलित रुपमा बजेट विनियोजन गरिएको उनले दाबी गरे ।

'एक वडा, एक कृषिउत्पादन' कार्यक्रमदेखि लिएर सूचनाप्रविधिमा आधारित विषादि परीक्षण प्रयोगशाला, आधुनिक वधशाला, प्रांगारिक मल कारखाना, दूधजन्य उत्पादनको बजारीकरण तथा प्रोत्साहन अनुदान कार्यक्रम बजेटमा समावेश गरिएको उनले बताए । युवालाई स्वदेशमै रोजगारी दिनका लागि स्टार्टअप तथा स्वरोजगार कार्यक्रमलाई प्राथमिकतामा राखिएको उनको भनाई छ । उनले औद्योगिक ग्राम र सांस्कृतिक ग्रामको स्थापना तथा स्वदेशी काठ प्रयोग र वन स्रोतको दिगो उपयोगमार्फत आयआर्जन गर्ने योजना अघि सारिएको बताए ।

अर्थमन्त्री काफ्लेले बजेट निर्माणको सन्दर्भमा सचिवलाई कुटिएको भन्ने घटनामा कुनै सत्यता नरहेको स्पष्ट पारे । कार्यसम्पादनको क्रममा भएको सामान्य छलफललाई कुटाकुटको रुपमा बुझ्न नहुने उनले बताए । प्रदेशसभाको अर्को बैठक असार २१ गते शनिबार दिनको १ बजे बस्ने गरी स्थगित भएको छ ।

## हेटौंडामा सुनचाँदी व्यवसायीको विरोध प्रदर्शन

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ मकवानपुरका नवरत्न तथा सुनचाँदी व्यवसायीले व्यवसायिक हकहितको लागि भन्दै हेटौंडामा विरोध र्‍याली प्रदर्शन गरेका छन् ।

नेपाल सरकारले सुनचाँदीमा २ प्रतिशत बिलासिता कर, बहुमुल्य हीरा, पत्थरमा १३ प्रतिशत बढाएको भ्याटको खारेजीको माग राख्दै व्यवसायी संघ मकवानपुरले विरोध जनाउँदै प्रदर्शन गरेका हुन् । व्यवसायी संघ मकवानपुरले बागमती प्रदेशका मुख्यमन्त्रीलाई र मकवानपुर उद्योग वाणिज्य संघलाई ज्ञापनपत्र बुझाएका छन् । सुनको भ्याट ६ प्रतिशत कायम राख्न, सुनको बिलासिता २ प्रतिशत कर, बहुमुल्य हीरा पत्थरमा बढाएको १३ प्रतिशत कर खारेज गरी सुनचाँदी, हीरा, पत्थर कारोबारको लागि प्रष्ट नीति कायम गर्न माग राख्दै व्यवसायी आन्दोलनमा छन् ।

'हामीले लामो समयदेखि व्यवसाय बन्द गरेका छौं, हाम्रो समर्थनमा देशभरका सुनचाँदी तथा बहुमूल्य पत्थर हीरा, नवरत्न व्यवसायीले व्यवसाय बन्द गरी ऐक्यवद्धता जनाएका छन् । हाम्रो माग छिटोभन्दाछिटो पूरा गरी सहजरुपमा व्यवसाय गरेर खाने वातावरण बनाइदिन सरकार समक्ष माग राख्दछौं', व्यवसायीले भने । मकवानपुर सुनचाँदी व्यवसायी संघमा हाल २ सय ३० जना व्यवसायी आवद्ध छन् । संघले सुनचाँदी व्यवसायमा सुनचाँदी कारोबारलाई व्यवस्थित बनाउन नीति निर्देशिका बनाउन पनि आग्रह गरेको छ ।

Hetauda School of Management
"कडा अनुशासन, स्तरीय शिक्षा"
ADMISSIONS OPEN
STUDY GRADE 11 IN-
SCIENCE
MANAGEMENT
• Computer Science,
• Mathematics &
• Business Studies
HOTEL MANAGEMENT
• Travel and Mountaineering Studies
BEAUTICIAN AND HAIRDRESSING
EDUCATION
ENROLL NOW



Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np
For inquiry: 9855074222

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अन्तरिक्षमा कसरी हुन्छ समयको हिसाब किताब ?




अन्तर्राष्ट्रिय स्पेस स्टेशनमा विभिन्न देशका अन्तरिक्षयात्रीहरू बस्दछन् र विभिन्न खालका वैज्ञानिक प्रयोग लगायतका काम गर्दछन् । स्पेस स्टेशनमा रहेका अन्तरिक्षयात्रीका देशका मानक समय फरक-फरक हुन्छन् । यस्तोमा स्पेस स्टेशनमा कुन मानक समय अर्थात् टाइम जोनलाई आधार मानिन्छ होला ? अनि त्यहाँको दिन र रात कति लामो हुन्छ होला ? यसबारेमा जान्ने चाहना सायद हामी सबैलाई छ ।

तपाईंलाई सुन्दैमा अनौठो लाग्ला कि पृथ्वीमा एक दिनमा एक पटक मात्र सूर्योदय तथा सूर्यास्त हुन्छ । तर स्पेस स्टेशनमा २४ घण्टाभित्रमा १६ पटक सूर्योदय र १६ पटक सूर्यास्त हुन्छ ।

यस हिसाबले स्पेस स्टेशनमा केवल ९० मिनेटको दिन तथा ९० मिनेटको रात हुन्छ । जबकि पृथ्वीमा यो अवधि १२/१२ घण्टाको हुन्छ । स्पेश स्टेशनले निकै तीव्र गतिमा पृथ्वीको परिक्रमा गर्ने भएको हुनाले यस्तो भएको हो । स्पेस स्टेशनले केवल ९० मिनेटमा पृथ्वीको एक चक्कर लगाउँछ ।

स्पेस स्टेशनले पृथ्वीको परिक्रमा गर्ने क्रममा ४५ मिनेटसम्म सूर्यको प्रकाशमा रहन्छ भने बाँकी ४५ मिनेट पृथ्वीको छायामा रहन्छ । जबकि २४ घण्टाभित्र स्पेश स्टेशनले १६ पटक यस्तो परिक्रमा गर्दछ, जसमा १६ पटक सूर्यास्त र १६ पटक सूर्योदय हुन्छ ।

त्यसैगरी टाइम जोन अर्थात् मानक समयको कुरा गर्दा अन्तर्राष्ट्रिय स्पेस स्टेशनमा कोअर्डिनेटेड युनिभर्सल टाइम (UTC) टाइम जोनको प्रयोग हुन्छ ताकि विश्वका फरक-फरक देशसँग समन्वयमा समस्या नआओस् । यो मानक समयलाई ग्रीनबीच मिन टाइम पनि भनिन्छ ।

वास्तवमा स्पेस स्टेशनमा विभिन्न देशका अन्तरिक्षयात्रीले एकसाथ काम गर्दछन् र हरेक देशको आफ्नो फरक मानक समय क्षेत्र हुन्छ । युटिसीको प्रयोगले सबै मिसन कन्ट्रोल सेन्टर तथा अन्तरिक्षयात्रीलाई एकै प्रणाली अन्तरगत ल्याउँदछ । यसबाट केवल सञ्चार सम्पर्क सहज हुनेमात्र होइन, कमान्ड दिनमा पनि सहजता आउँछ । अन्तरिक्षमा अमेरिका, रुस, बेलायत तथा जापान लगायतका देशका अन्तरिक्षयात्रीहरुले एउटा साझा विश्वव्यापी मानक समयमा काम गर्दछन् ।

नेपालको मानक समय ग्रीनबीच मिन टाइमभन्दा ५ घण्टा ४५ मिनेट छिटो भएको हुनाले नेपालमा दिउँसोको १२ बज्दा अन्तरीक्ष स्टेशनमा बिहानको सबा ६ बजेको हुन्छ ।

**अन्तरिक्ष स्टेशनमा समय कसरी हेरिन्छ ?**

स्पेस स्टेशनमा समयको गणना गर्नका लागि विशेष घडीको डिजाइन गरिएको हुन्छ र उपकरणको प्रयोग गरिन्छ । अन्तराष्ट्रिय स्पेस स्टेशनमा समय हेर्नका लागि कम्प्युटर तथा डिजिटल घडीको प्रयोग गरिन्छ, जसमा युटिसी टाइम जोनको हिसाबले समय तय गरिन्छ । यसका अलावा त्यहाँ डिजिटल डिस्प्ले पनि हुन्छ, जसमा फरक फरक मिसन कन्ट्रोल केन्द्रहरुको वास्तविक समय बताउँछ । ती सबै डिभाइसलाई युटिसीसँग सिंक्रोनाइज्ड गरिएको हुन्छ ।


साथै स्पेश स्टेशनमा आणविक घडी पनि प्रयोग गरिन्छ । यी घडी निकै सटिक हुनुका साथै अन्तरिक्षमा वैज्ञानिक अनुसनधानका लागि समयको गणना गर्नका लागि महत्वपूर्ण हुन्छन् । यद्यपि आणविक घडीको प्रयोग मूख्य रुपमा अनुसन्धान कार्यमा गरिन्छ । दैनिक कामकाजमा यसको प्रयोग गरिँदैन । साथै पृथ्वीको मिसन कन्ट्रोल केन्द्रसँग स्पेस स्टेशनको समयलाई रेडियो तरंगको माध्यमबाट सिंक्रोनाइज्ड गरिएको हुन्छ ।

अन्तरिक्ष स्टेशनमा अन्तरिक्षयात्रीहरुले लगाउने डिजिटल घडी अन्तरीक्षको माइक्रो ग्राभिटी तथा भ्याकुममा काम गर्नका लागि विशेष तरिकाले डिजाइन गरिएको हुन्छ ।

उदाहरणका लगि नासाले एपोलो मिसनका लागि चन्द्रघडीको प्रयोग गरेको थियो, जसले अन्तरीक्षका कठीन परिस्थितिमा पनि काम गर्दछ । मुख्यत: अन्तरिक्षमा डिजिटल प्रणालीका माध्यमबाट नै समयको जानकारी प्राप्त हुन्छ । तर कतिपय अन्तरिक्षयात्रीहरुले यस्ता घडीलाई व्यक्तिगत रुपमा पनि प्रयोग गर्दछन् ।

**जीवनशैली / स्वास्थ्य**

# ८४ प्रतिशत पुरुषहरू यौन सम्बन्ध राखे पनि सन्तुष्ट छैनन् : अध्ययन



नेपालमा ३० वर्ष भन्दा माथिका विवाहित जोडीमा ७२ प्रतिशत पुरुष र ६७ प्रतिशत महिलामा यौन दुर्बलता रहेको अध्ययनले देखाएको छ । सोमबार काठमाडौंमा सार्वजनिक गरिएको एक अध्ययनले ३० वर्ष भन्दा माथिका विवाहित जोडीहरूमा यो समस्या बढी रहेको देखाएको हो ।

त्यसमा पनि ३२ देखि ३९ वर्ष उमेर समूहका मानिसहरूको संख्या बढी रहेको छ । नेपालमा ३० वर्षमाथिका विवाहित जोडीहरूमध्ये ७३.७ प्रतिशतमा यौन दुर्बलता रहेको अध्ययनले देखाएको छ । ३० वर्षमाथिका ७२ प्रतिशत पुरुषमा यौन दुर्बलताको समस्या रहेको छ भने ३० वर्षमाथिका ६७ प्रतिशतमा महिलाहरूमा यो समस्या देखिन्छ ।

कार्यक्रममा बोल्दै अनुसन्धानकर्ता डा. खेम कार्कीले कुल यौन दुर्बलता भएका मध्येमा सेक्सुअल डिजायर कम्परमाइज (यौन इच्छा दबाउने) हुनेहरूको संख्या ९२ प्रतिशत रहेको बताए । उनले कुल यौन दुर्बलता भएकाहरूमध्ये महिलालाई अराउजल ( उत्तेजना नहुने) समस्या ९४ प्रतिशत रहेको जिकिर गरे । ८४ प्रतिशत पुरुषहरू यौन सम्बन्ध राखे पनि सन्तुष्टि हुन नसकेको अध्ययनले देखाएको उनको भनाई थियो ।

उनले भने, 'विश्वस्तरमा यौन दुर्बलताको स्थिति हेर्दा झन्डै झन्डै आधा जनसंख्या ४३ प्रतिशत पुरुष र ४९ प्रतिशत महिलामा यौन दुर्बलता भएको देखिन्छ । एसियन देशहरूमा अरू क्षेत्रको भन्दा अझ बढी छ । मलेसियामा ६९, सिंगापुरमा ७३ प्रतिशत, हङकङ्गमा ६४ प्रतिशतसम्म छ पुरुषहरूमा भने महिलामा सिंगापुरमा महिलामा ५६ प्रतिशत देखिएको छ । नेपालमा हामीले क्लिनिकल हस्पिटल स्टडिजहरु गर्दा ७३.७ प्रतिशतसम्मको यौन दुर्बलता रहेको पाएका छौं । क्लिनिकल हस्पिटल स्टडिजहरु हेर्दा जनसंख्या बेसमा यसको स्थिति के छ भनेर पपुलेशन बेसमा यो स्टडी गरेका हौं । विशेष गरी ३० वर्ष भन्दा माथिका विवाहित जोडीहरूमा हामीले हरेका हौं । यौन प्रबलता बढाउन हामीले के सुझाव दिने भन्ने पनि अध्ययन गरेका छौं । यसमा ३२ देखि ३९ वर्ष उमेर समूहका मानिसहरूको संख्या बढी छ । ३० वर्षमाथिका ७२ प्रतिशत पुरुषमा यो समस्या रहेको छ ।

त्यस्तै ३० वर्षमाथिका ६७ प्रतिशतमा महिलाहरूमा यो समस्या देखिन्छ । समग्रमा ६८ प्रतिशत भन्न सकिन्छ । टोटल यौन दुर्बलता भएकामध्येमा सेक्सुअल डिजायर कम्परमाइज हुने भनेको ९२ प्रतिशत छ । महिलालाई अराउजलको समस्या ९४ प्रतिशत रहेको छ । ९४ प्रतिशत महिलामा यौनको उत्तेजना नै नहुने खालको समस्या छ । ८४ प्रतिशत पुरुषहरूले यौन सम्बन्ध राखे पनि सन्तुष्टि हुन सकेका छैनन् ।'

**मधेसका महिला र कर्णालीका पुरूषमा सबैभन्दा बढी यौन दुर्बलता**

उनकाअनुसार प्रदेशगत रूपमा हेर्दा पुरुषहरूमा सबैभन्दा बढी यौन दुर्बलता कर्णाली प्रदेशका पुरुषमा रहेको पाइएको छ । महिलामा सबैभन्दा बढी यौन दुर्बलता मधेस प्रदेशमा रहेको छ ।

कोशीमा ७८ प्रतिशत पुरुष र ५१ प्रतिशत महिलामा यौन दुर्बलता र ६० प्रतिशत जोडीमा यौन दुर्बलता रहेको छ । त्यस्तै मधेस प्रदेशमा ६४ पुरुष, ७३ प्रतिशत महिला र ७३ प्रतिशत जोडीमा यौन दुर्बलता रहेको छ । बागमतीमा पुरुष ७४, महिला ६४ र ६७ प्रतिशत जोडीमा यौन दुर्बलता रहेको छ । त्यस्तै गण्डकीमा ७६ पुरुष, ४७ महिला र ५५ प्रतिशत जोडीमा यौन दुर्बलता रहेको छ ।

लुम्बिनीमा ७२ पुरुष, ४१ महिला र ५३ प्रतिशत जोडीमा यौन दुर्बलता रहेको छ । त्यस्तै कर्णालीमा ८२ पुरुष, ७० महिला र ७२ प्रतिशत जोडीमा यौन दुर्बलता रहेको छ । त्यस्तै सुदूरपश्चिम प्रदेशमा ६७ पुरुष, ६३ महिला र ६३ प्रतिशत जोडीमा यौन दुर्बलता रहेको छ । यो अध्ययन ३० वर्षमाथिका विवाहित जोडीमा गरिएको अध्ययन हो ।

अध्ययन अनुसार हिमाली क्षेत्रका पुरुषहरूमा बढी यौन दुर्बलता रहेको छ । हिमाल र पहाड क्षेत्रका महिलाहरूमा करिब उस्तै उस्तै यौन दुर्बलता रहेको पाइए पनि तराईका महिलाहरूमा बढी यौन दुर्बलता रहेको अध्ययनले देखाएको छ ।

**साहित्य**

## उमेर र मन

**✍नम्रता गुरागाईं**

न अग्ला जुत्तामा रमाउन सकिने
न त साँगुरा लुगामा
आफूबाट भागेको समयलाई समाउन सकिने
न तारेको र भुटेको खान सकिने
न त अबेरसम्म बाहिर जान सकिने
सबैकुरा विचार गर्दा
लाग्छ मैले अचेल
आफनै इच्छालाई काँटछाँट गरेर
शरिर नापेर सिएको लुगाजस्तो
उमेर नापेर रहर सिउँदैछु
आफूसँग मिल्ने मन सिउँदैछु र
उमेर सुहाउँदो आँफू बनाउँदैछु ।

मन न हो,
मनले कहाँ सक्दिन भन्दोरहेछ र !
पेटले पचाउन गाह्रो मान्दा समेत
आँखा काँचो कचिलोसँग पिरती लाउँन खोज्छ
सेल र पुरी हातभरी समाउँन खोज्छ
सँझनामा, आँखा अगाडि आएको बालापनसँग
उसैगरी लडिबुडी गर्न खोज्छ
जसरी पहिला गरेथ्यो ।
तर, आफूले त
वर्षैपिच्छे बढेका अँकको भारी
बोकेर निरन्तर उक्लिरहने
उमेरलाई सहज बनाउँन
आफनै रहरमाथि कैची चलाउनु छ
त्यसैले म
शरिर नापेर सिएको लुगाजस्तो
आजकाल उमेर नापेर रहर सिउँदैछु
उब्रिएका रहरका टुक्राहरू
त्यतैकतै थन्क्याएर
आफूसँग मिल्ने मन सिउँदैछु
उमेर सुहाउँदो आफू बनाउँदैछु ।

**कविता**

## हार्दिक बधाई



**✍ईशान लम्साल**
कक्षा-९, जेम्स ई.मि.स्कूल

आजको दिन खाली खाली छ
स्कुल अलि चुपचाप छ
त्यो बेन्च, कुर्सी र हासको थाम
स्कूलले बिर्सने छैन कसैको नाम

उज्जवल भविष्यको यो नयाँ सुरुवात
हुन् पुरा सब कुरा मिलुन् सबै बात

परिश्रम अझ सकिएको छैन तर
दु:ख नमिलोस् कुनै पल
बनोस् खुसी, सुखको महल

शब्दहरुको लहर मिलाई
मेरो तर्फबाट हार्दिक बधाई ।

## गजल



**✍ईश्वरानन्द के.सी.**
भरतपुर-१०, चितवन

तिमी तारा बन प्रिया
म जुन बन्छु ।
तिमी पृथ्वी बन प्रिया
म चम्किदिन्छु ।

तिमीलाई मैले आँखा मात्र तरेको होइन
हृदय मैले साटेको छु ।
म अरुको निम्ती बाँचेको होइन
केबल म तिम्रो निम्ती बाँचेको छु ।

जन्म लिएको यस धर्तीमा
किन किन एकलो पाएँ ।
यहाँ बाँचे आत्माहरु
किन-किन यहाँ रित्तो पाएँ ।

उपहार के दिउँ तिमीलाई
भएको आँशु पनि रित्तिसक्यो ।
साहरा के दिउँ तिमीलाई
जब मेरो हृदय नै टुङ्गिसक्यो ।

## तपाई हाम्रो प्रेरणा



**✍सान्बी लामिछाने**
कक्षा-९, जेम्स ई.मि.स्कूल

सफलताको उज्यालो किरण, देख्यौं आज तपाईमा
हे दानु दिदी हो, बधाई छ सच्चा दिलको भावमा

पढाईमा गरेको तपाईंको श्रम, फल्यो आज फलमा
हामीलाई पनि आशा दिनयो उज्यालो छ भोलिको सपना

तपाईं हाम्रो प्रेरणा, तपाईं हाम्रो शान,
एसईईको नतिजाले थप्यो विद्यालयको मान

हामी पनि गरौंला मेहनत, तपाईंकै बाटो समाई
एक दिन हामी पनि सफल होला, त्यही जोश दिलाई

सपना सजाउँछौं हाम्रा तपाईंहरुकै उदाहरणले
शुभकामना छ हाम्रो, तपाईंको उज्जवल भविष्यको

बधाई छ, फेरी एकपटक सफलताको यो खुसीमा
हाम्रो स्नेह, आदर सदा रहनेछ तपाईंका यादमा

**Poem**

## Congratulations



**✍Rijan Humagain**
Class-9, Gems English M.S.

To the SEE Batch of 2081
With Gratitude and Good Wishes


In halls once filled with hopes and dreams
You lit the path with brilliant beams.
Through sleepless nights lessons long
You proved yourselves both brave and strong.

Not just results- but history made.
In GEMS school's light, your names won't fade.
With pens as swords and minds so bright
You chased your goals with all your might.

A history made, a record set,
An achievement none will soon forget.
Gems school shines because of you,
Your dedications are pure and true.

So here's to you, beauty of eighteen
The greatest batch this school has seen
2081 SEE students with be a name,
That echoes with respect and fame.

**चित्रकला**





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# अदालतको फैसलाप्रति चिकित्सक आक्रामक, काउन्सिलकै निर्णयमाथि प्रश्न







काठमाडौं/नेपाल मेडिकल काउन्सिलले दोषी नदेखेको घटनामा उपभोक्ता अदालतले दोषी ठहर गर्‍यो । उपचारमा संलग्न चिकित्सकको लापरबाहीलाई काउन्सिलले उन्मुक्ति दिँदै गरेको निर्णय अदालतले उल्ट्याइदिएको हो । यो सँगै चिकित्सकले काउन्सिलको अधिकार माथि हस्तक्षेप गरेको भन्दै उपभोक्ता अदालतको फैसलामा गम्भीर प्रश्न उठाएका छन् ।

नेपाल चिकित्सक संघ कार्यकारी समितिले सोमबारबाट देशभरको आकस्मिक बाहेकको सम्पूर्ण सेवा बन्द गर्ने, काउन्सिलको प्रमाणपत्र उतै बुझाउने लगायतका आन्दोलन घोषणा गरेका छन् । यसले पुन: चिकित्सकहरू सडकमा उत्रने निश्चित भएको छ ।

**यही फैसलासाग सम्बन्धित तीनवटा घटनाक्रम हेरौं**

२०७९ माघ २३ गंगा गौतम २८ महिनाकी छोरी प्रशंसालाई लिएर काठमाडौंको ज्ञानेश्वरस्थित हिमाल अस्पताल पुगेकी थिइन् । बाल रोग विशेषज्ञ डा. जयदेव यादवले बालिकाको स्वास्थ्य परीक्षण गरे । तर बालिकाको स्वास्थ्य अवस्था सुधार नहुँदै उल्टै बिग्रँदै गएपछि परिवारले कान्ति बाल अस्पताल लगियो । दुर्भाग्यवश, कान्ति बाल अस्पतालले उपचार नगरी आकस्मिक कक्षबाटै फर्काइदिएको थियो । त्यसपछि गंगाले छोरीलाई मेट्रो अस्पताल पुर्‍याइन् । फोक्सोमा अत्यधिक पानी जम्न गएको अवस्थामा माघ २६ गते मेट्रो अस्पतालमा उपचारका क्रममा बालिकाको मृत्यु भयो । तर, यो प्रकरणमा मेडिकल काउन्सिलले पनि उपचारमा संलग्न चिकित्सक यादवलाई सामान्य चेतावनी मात्रै दियो ।

काउन्सिलले अबदेखि हुने यस्ता उपचारमा स्तरीय उपचार विधि प्रयोग गर्न सुझाव दिँदै डा. यादवलाई उन्मुक्ति दिएको थियो । तर, १२ असारमा उपभोक्ता अदालतले डा. जयदेव यादव र हिमाल अस्पताललाई १ करोड ४५ लाख रुपैयाँ क्षतिपूर्ति तिराउन आदेश दियो । काउन्सिलको निर्णयमा चित्त नबुझाउँदै गंगा जिल्ला अदालत काठमाडौं पुगेकी थिइन् । पछि उपभोक्ता अदालत गठन भएसँगै यो मुद्दा पनि त्यतै सरेको थियो । गंगाजस्तै, चिकित्सककै लापर बाहीको आरोप लगाउँदै २८ वर्षीया वर्षा भण्डारी पनि अदालत पुगिन् । वर्षाका अनुसार, चिकित्सकले दुईपटकसम्म अप्रेसन गर्दा पनि आफूले गर्न लागेको 'प्लास्टिक सर्जरी' बिग्रिएको थियो । उनले ग्रान्डि अस्पतालमा सर्जरी गराएकी थिइन् । निको हुनुको साटो संक्रमण भएर थप पीडा बढेको भन्दै उनले मुद्दा दायर गरेकी थिइन् ।

सवा ३ करोड मागदाबी लिएर अदालत गएकी वर्षाको पक्षमा उपभोक्ता अदालतले ५७ लाख १९ हजार क्षतिपूर्तीको फैसला गरिदियो । त्यसमध्ये ७० प्रतिशत अर्थात् ४० लाख ३ हजार उपचारमा संलग्न डा. सञ्जीव त्रिपाठी र ३० प्रतिशत अर्थात् १७ लाख १५ हजार ग्रान्डी अस्पतालले बेहोर्नुपर्ने फैसलामा उल्लेख छ ।

यस्तै प्रकृतिका अर्को घटना छ, चाबहिलस्थित ओम अस्पतालको । बाबुको उपचारमा लापरवाही भएको भन्दै बसन्त गौतमले अस्पताल र संलग्न दुई चिकित्सक विरुद्ध मुद्दा दायर गरेका थिए । ५ करोड मागदाबी गरेका गौतमलाई गत २९ जेठमा उपभोक्ता अदालतले अस्पताललाई ५० लाख ७० हजार र संलग्न चिकित्सकलाई ३ लाख ५ हजारका दरले क्षतिपूर्ती भर्न आदेश जारी गर्‍यो । बाथरुममा लडेका बाबुको अस्पतालमा उपचार गर्दा कुनै स्वास्थ्य परीक्षण पनि नगरी दु:खाइ घटाउने इन्जेक्सन दिएको र त्यसैका कारण बाबुको मृत्यु भएको गौतमले रिट निवेदनमा उल्लेख गरेका थिए ।

**चिकित्सक भन्छन्-**

**"यो फैसलाले स्वास्थ्य प्रणाली नै संकटमा पार्छ"**

नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिल कार्कीले उपभोक्ता अदालतले चिकित्सकीय मुद्दामा सुनाएका पछिल्ला फैसलाले स्वास्थ्य सेवा प्रणालीलाई नै संकटमा पार्ने खतरा भएको बताए । उनका अनुसार, माथि उल्लेखित तीन घटनामध्ये दुई वटामा काउन्सिलले चिकित्सकको लापरबाही ठहर गरेको छैन । ९८ वर्षीय वृद्धको मृत्युपछि गरिएको दाबीलाई पनि लापरबाही भन्न सकिने उनले उल्लेख गरे । 'स्वास्थ्य भनेको वस्तु होइन, सेवा हो । उपभोक्ता अदालतले उपचार लापरबाहीको निर्णय दिन चिकित्सकीय विशेषज्ञ टोलीको राय लिएर मात्र गर्नु उपयुक्त हुन्छ,' डा. कार्की भन्छन्, 'औषधिको म्याद गुज्रिनु वा उपकरणको गलत प्रयोग हुनुजस्ता स्पष्ट प्रमाणबिनाका घटनामा हचुवामा भर परेर चिकित्सकलाई दोष दिनु न्यायसंगत हुँदैन ।' डा. कार्कीले चिकित्सकहरू अब उपचार भन्दा कानुनी कारबाहीको डरमा पर्ने स्थिति आउन थालेको बताए । 'यदि उपचार गर्दा पहिले क्षतिपूर्ति माग्छौं कि ? भनेर सोध्नुपर्ने अवस्था आयो,' डा. कार्की भने, 'यसले चिकित्सकीय सेवा नै संकटमा पर्ने भयो ।'

उपभोक्ता अदालतले विशेषज्ञ राय विना क्षतिपूर्ति तोकेको भन्दै उनले आक्रोश व्यक्त गरे । 'यो न्यायिक प्रक्रियाको गम्भीर उल्लंघन हो,' उनले भने, 'सर्वोच्च अदालतले पहिले नै इन्फर्म कन्सेन्ट, विशेषज्ञ टिमको संलग्नताजस्ता मापदण्ड तोकेको छ । तर यी कुरा उपभोक्ता अदालतको पछिल्लो फैसलामा समावेश नै छैनन् ।' उनले हालको उपभोक्ता संरक्षण ऐनमा अन्य पेशाजस्तै स्वास्थ्य सेवालाई पनि स्पष्ट रुपमा समेट्नुपर्ने आवश्यकता औंल्याए । महासचिव डा. सञ्जीव तिवारीविरुद्धको अवहेलना मुद्दा पनि चिकित्सकहरूमाथिको संगठित दमनको हिस्सा भएको उल्लेख गर्दै उनले आगामी दिनमा अझ कडा आन्दोलन हुने चेतावनी दिए । डा. तिवारीले भन्छन्, 'अदालतको निर्णयप्रति भन्दा नि जुन तरिकाले जुन प्रक्रियाले अगाडि बढ्यो, त्यो प्रक्रियासँग असहमति गरेर आन्दोलनमा उत्रेको हो ।'

**चिकित्सकीय लापरबाही छोप्ने संरचना !**

अदालतले फैसला दिएपछि काउन्सिलको भूमिका र कार्यप्रणालीमाथि गम्भीर प्रश्न उठेको छ । एक वरिष्ठ चिकित्सकले काउन्सिलको न्यायिक प्रक्रियाप्रति असन्तुष्टि व्यक्त गर्दै त्यसको संरचना र कार्यप्रणालीमा आमूल सुधारको आवश्यकता रहेको बताए । काउन्सिल गुणस्तरीय स्वास्थ्य सेवाको निगरानी गर्ने निकाय हो । काउन्सिलले उचित न्याय नदिएका कारण चिकित्सकलाई अन्यत्र न्याय खोज्नुपर्ने बाध्यता रहेको गुनासो एक चिकित्सकले गरे ।

'नेपाल मेडिकल काउन्सिलले न्याय गरेन, त्यसैले बिरामी यता र उता जानुपर्ने अवस्था बन्यो,' ती चिकित्सक भन्छन् । लापरबाही हुने मूल कारण नै गुणस्तरीय उत्पादनसँग जोडिने हुँदा यसतर्फ ध्यान दिनुपर्ने ती चिकित्सकको तर्क छ । चिकित्सकले नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोग दुवैले बजारमा गुणस्तरीय उत्पादन छ वा छैन भनेर विवेचना गर्नुपर्ने उनी बताउँछन् । 'आयोग र काउन्सिलले विवेचना गर्नुपर्‍यो । मार्केटमा गएको जनशक्ति गुणस्तरीय छ कि छैन भनेर हेर्नुपर्छ,' ती चिकित्सक भन्छन् । काउन्सिलले सधैं चिकित्सकको हितमा मात्र बोलेर बिरामीको हकमा न्याय नगरेको आलोचनाको सम्बोधन गर्दै ती चिकित्सकले भने, 'यसमा केही अलिकति लुपहोल छ ।'

उनले नियमनकारी निकायमा निर्वाचनबाट आएका सदस्यहरूको भूमिकामा पनि प्रश्न उठाए । किनकी चिकित्सक नियमनको जिम्मेवारी पाएको काउन्सिलबाट नागरिकले न्याय पाउन वर्षौं कुनुपर्ने बाध्यता छ । कतिपय उपचारमा चिकित्सकको लापरबाही देखिए पनि काउन्सिलले न्यायिक निर्णय नगरेको अवस्था छ । मेडिकल काउन्सिलले नागरिकको विश्वास जितिसकेको छैन ।

जुन दल वा गठबन्धनको सरकार हुन्छ, अपवाद बाहेक उनीहरूले नै रुचाइएका व्यक्तिलाई अध्यक्ष बनाइन्छ । उपाध्यक्ष सहितका सदस्यहरू चुनावबाट आउने व्यवस्था छ तर त्यसमा पनि राजनीतिक दलसम्बद्ध संगठनकै बोलवाला चल्ने गरेको छ । चुनावी प्रक्रियाबाट आएका पदाधिकारीले चिकित्सकलाई बचाउने भूमिका पनि खेल्ने कारण मेडिकल काउन्सिलको कार्यप्रणालीमाथि गम्भीर प्रश्न उठेको छ ।

**"लापरबाहीको क्षतिपूर्ति अदालतमै तय हुन्छ"**

वरिष्ठ अधिवक्ता डा. नारायण प्रसाद घिमिरेले अदालतको निर्णय संविधान र अन्तर्राष्ट्रिय अभ्यासअनुसार सही भएको बताए । उनका अनुसार चिकित्सकले उपभोक्ता अदालतको निर्णयलाई मेडिकल काउन्सिलको अधिकारक्षेत्र उल्लंघनको रूपमा व्याख्या गर्नु गलत बुझाइ हो । 'कानुन अनुसार काउन्सिलले व्यावसायिक अनुशासनको मूल्यांकन गर्छ । तर कसैको लापर बाहीले नागरिकलाई क्षतिपुग्दा त्यसको क्षतिपूर्तिका भने अदालतमा नै जानुपर्छ हैन,' घिमिरेले स्पष्ट पादै भने । घिमिरेले थपे, 'उपभोक्ताले सेवा प्रदायकबाट नोक्सानी व्यहोर्नुपरेको खण्डमा क्षतिपूर्तिको माग गर्ने अधिकार हुन्छ । अदालत त्यसको वैधानिक निकाय हो । मेडिकल काउन्सिल चाहिँ व्यावसायिक अनुशासन र योग्यता नियमन गर्ने निकाय हो ।'

स्वास्थ्य सेवा कुनै सामानजस्तो वस्तु नभए पनि नागरिकको संवैधानिक अधिकारभित्र पर्ने सेवा भएकाले यसमा गुणस्तर र सावधानी अनिवार्य रहने उनले बताए । 'विश्वव्यापी अभ्यास अनुसार सामान्य त्रुटिले पनि मान्छेको जीवन जोखिममा पर्न सक्छ । यस्तोमा उच्च सावधानी चिकित्सकको जिम्मेवारी हो,' घिमिरेले भन्छन् । अदालतको फैसलाले चिकित्सकहरूलाई सचेत, जिम्मेवार र सजग बनाउने उद्देश्य राखेको बताउँदै उनले भने, 'अदालतले जरिवाना गरुयो भन्नेभन्दा पनि यो एक चेतनामूलक कानुनी सन्देश हो । सेवाप्रदायकको लापर वाहीले उपभोक्ताको हक हनन हुन्छ भने त्यसको संरक्षण संविधानको जिम्मेवारी हो ।'

चिकित्सक संघले अदालतको निर्णयलाई सार्वजनिक रूपमा अस्वीकार गर्नु कानुनी मान्यता र न्याय प्रणालीमाथिको अविश्वास झल्काउने टिप्पणी गरे । 'चिकित्सक पेशागत जिम्मेवारी बोकेका व्यक्ति पनि हुन् । कानुनी प्रक्रिया र अधिकारप्रति विश्वास राख्नुपर्ने नैतिक जिम्मेवारी हुन्छ,' घिमिरेले थपे ।

*(स्रोत: अनलाइनखबर)*

# 'माग्ने राजा'को टिजरलाई कस्तो छ दर्शकीय प्रतिक्रिया ?



काठमाडौं/'माग्ने बुढा'को रुपमा परिचित कलाकार केदार घिमिरेले पहिलो पटक मुख्य भूमिकामा अभिनय गरेको फिल्म 'माग्ने राजा' आगामी भदौ ६ गतेबाट प्रदर्शन हुँदैछ । यसै साता सार्वजनिक भएको टिजर हेर्दा फिल्मको कथा उनीमै केन्द्रित रहेको देखिन्छ । उनी अकूत पैसा भएको व्यक्तिको रुपमा देखिएका छन् । टिजरमा उनले बोलेका संवादहरू अहिले टिकटकमा भाइरल भइरहेको छ ।

युट्युब रिलिजको चार दिनमा टिजरलाई १० लाख हाराहारी भ्यूज मिलेको छ भने २ हजार बढी प्रतिक्रिया प्राप्त छ । त्यसमा ८० प्रतिशत प्रतिक्रिया सकारात्मक देखिन्छ । प्राय:ले केदारको संवाद बोल्ने शैली मन पराएका छन् । कतिपयले टिजरको आधारमा फिल्म बक्स अफिसमा सफल हुने दाबी समेत गरेका छन् । यसरी हेर्दा फिल्मप्रति हुटहुटी जगाउन टिजर सफल भएको देखिन्छ ।

टिजरलाई प्राप्त प्रतिक्रियाले कलाकार घिमिरे उत्साहित देखिएका छन् । भन्छन्, 'टिजरमा आएको प्रतिक्रियाले म खुसी छु । मलाई नयाँ स्वरुपमा हेर्न खोज्नु भएको प्रतिक्रियालाई पनि सकारात्मक रुपमा लिएको छु । तर, 'माग्ने राजा'को चरित्र माग्नेकै निरन्तरता स्वरुप निर्माण भएकाले यसमा पुरानो माग्नेका लवज र थेगोहरु प्रयोगमा आएका छन् । तर, फिल्ममा नयाँ माग्ने पनि देख्न पाइन्छ ।'

त्यस्तै, निर्देशक ऋषि लामिछानेले टिजरलाई मिलेको भ्यूज र प्रतिक्रिया फिल्मले कमाएको विश्वास रहेको बताएका छन् । टिजरले दर्शकमा फिल्मप्रति कौतुहलता सिर्जना गर्न सकेको आभाष भएको उनको भनाइ छ । फिल्ममा केदार घिमिरेलाई मुख्य भूमिकामा प्रस्तुत गरिरहँदा दर्शकबाट स्वीकारोक्तिलाई लिएर दुविधा भएपनि टिजरमा आएको प्रतिक्रियाले आफू ढुक्क भएको उनले बताए ।

उनले फिल्मको कथा माग्ने पात्रको वरिपरि घुम्ने भएकाले प्रचार सामाग्रीमा उनकै चरित्रले ठाउँ पाउने पनि स्पष्ट पारे । 'यो कथालाई माग्नेकै 'स्पिन-अफ' चरित्र भने पनि हुन्छ । हामीले घोषणादेखि नै यही कुरा भन्दै आएका छौं । हामीले माग्ने पात्रलाई एउटा हास्यरसयुक्त कथासहित प्रस्तुत गर्ने प्रयास गरेका हौं । यही अपेक्षाअनुसार फिल्मलाई हेर्नुभयो भने निराश हुनुपर्दैन,' ऋषिले भने ।

फिलममा केदारसँगै विल्सन विक्रम राई, वर्षा सिवाकोटी, शिशिर वाङदेल, शारदा गिरी, पवित्रा साकी (मिस पवी), राधिका कँडेल लगायतको अभिनय रहेको छ । आरम्भ प्रडक्सनको ब्यानरमा मुनाल घिमिरे प्रस्तुतकर्ता र मधुसुदन शर्मा निर्माता रहेको फिल्ममा नरेन्द्र मैनालीको छायांकन, सामीप्यराज तिमल्सिनाको स्क्रिप्ट लेखन, मित्र डि गुरुङको सम्पादन र रोशन श्रेष्ठको द्वन्द्व निर्देशन छ ।

# 'यो मन त मेरो नेपाली हो'को शीर्ष गीतमा वीरताको बखान



काठमाडौं/यही असार २७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'यो मन त मेरो नेपाली हो'को शीर्ष गीत सार्वजनिक गरिएको छ । नेपालको कला-संस्कृति र नेपालीहरुको वीरताको बखान गरिएको उक्त गीतमा कमल रसाइलीको पार्श्व गायन, शंकर अधिकारी घायलको शब्द रचना तथा विशाल चौधरीको संगीत रहेको छ ।

कविराज गहतराजको नृत्य निर्देशन रहेको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु रोशन श्रेष्ठ, विजय बराल, विल्सन विक्रम राई, बुद्धि तामाङ, आयुषा समाल लगायत प्रस्तुत छन् । भिडियोमा नेपालको झन्डाको प्रयोग अत्याधिक मात्रा गरिएको छ । निर्देशक नर प्रधान (मित्र)ले यो गीतले फिल्मको कथावस्तुलाई दर्शाएको बताएका छन् ।

ज्ञान बहादुर प्रधान (रोशन)को निर्माण रहेको फिल्ममा नारायण खाती, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजय सुब्बा, विजिता परियार, देवराज राजबंशी लगायतको पनि अभिनय छ । पद्ममा इश्वर इन्टरटेन्मेन्टको प्रस्तुतिमा मित्र प्रधान प्रस्तुतकर्ता रहेको फिल्ममा शिवम् अधिकारीको लेखन तथा सौरभ लामाको छायांकन तथा बनिश शाहको सम्पादन छ ।

फिल्मले नेपाली भाषा प्रतिको आकर्षण, महत्त्व र इतिहासलाई दर्शाउने जनाइएको छ । भुटानको शासकबाट लखेटिएर नेपाल आएका भुटानीको कथा पनि यसमा छ । नेपालको झापा र इलामसहित भारतको सिक्किम, दार्जिलिङ, पश्चिम बङ्गाल राज्यको जयगाउँ र अमेरिकामा छायांकन गरिएको फिल्ममा दीपक शर्मा, विकास चौधरी र थोरम्पो ह्यङ राईको संगीत रहेको छ ।

# तालाबन्दीले खल्लो बन्यो त्रिवि वार्षिकोत्सव

काठमाडौं/एक महिना भन्दा बढी समयपछि शुक्रबार त्रिभुवन विश्वविद्यालका पदाधिकारी त्रिवि परिसर कीर्तिपुरमा झुल्किए । तर उनीहरू कार्यकक्षमा होइनन्, त्रिभुवन स्मृति भवनमा देखिए । १४ जेठदेखि त्रिवि पदाधिकारीहरू कार्यकक्षमा जान सकेका छैनन् । सत्तारुढ नेपाली कांग्रेस निकट नेविसंघका विद्यार्थीले तोडफोड र तालाबन्दी गरेपछि उनीहरू कार्यकक्षमा जान नपाएका हुन् । कहिले पुल्चोक त कहिले कहाँ बसेर पदाधिकारीले काम गर्दै आइरहेका छन् ।

शुक्रबार त्रिविको ६६औं वार्षिकोत्सव थियो । जानैपर्ने बाध्यताकाबीच त्रिविका सहकुलपति एवं शिक्षामन्त्री रघुजी पन्त, उपकुलपति खड्ग केसी, शिक्षाध्यक्ष दुविनन्द ढकाल, रजिस्ट्रार केदार प्रसाद रिजालसहित त्रिविको टिम वार्षिकोत्सव कार्यक्रममा उपस्थित थियो ।

सभा हल नजिकै छ- उपकुलपति, रेक्टर र रजिस्ट्रारको कार्यालय । वार्षिकोत्सव मनाइरहँदा तीन वटै कार्यालयका ढोकामा ताला झुन्डिएका थिए । स्मृति भवनमा वार्षिकोत्सव कार्यक्रम चलिरहँदा भने एउटा सूचना आयो- 'आंशिक प्राध्यापकले चाहिँ ताला खोले रे ।'

विद्यार्थीको तालाबन्दीसँगै ३० जेठमा आंशिक प्राध्यापकले ठप्प हुनेगरी उपकुलपति, रेक्टर, र जिस्ट्रार र सेवा आयोगमा ताला ठोकेका थिए । त्यसपछि कर्मचारीसमेत कार्यालयमा जना पाएका थिएनन् । दिनभर बाहिरै चौरमा बसेर कर्मचारी साँझ घर फर्किन बाध्य थिए ।

तर शुक्रबार वार्षिकोत्सव सँगै आंशिक प्राध्यापकले ताला खोलेपछि कर्मचारी भने कार्यकक्षमा जान पाएका छन् । आंशिक प्राध्यापक संघले फास्ट ट्र्याकबाट प्राध्यापक नियुक्त गर्न लागेको विरोधमा ताला लगाएको थियो । २२ गते त्रिविको सभा भएकाले सोही दिन कुलपति एवं प्रधानमन्त्री केपी ओलीलाई आफ्ना कुरा राख्ने भन्दै ताला खोलेको विज्ञप्तिमार्फत जानकारी पनि गरायो ।

त्यसपछि दिउँसो १२ बजेतिर उपकुलपति, रेक्टर र र जिस्ट्रार कार्यालयमा पुग्दा मूल ढोका भने खोलिएको थियो । जहाँ सुरक्षा गार्डहरू ढोका सरसफाइ गरिरहेका थिए । रजिस्ट्रार कार्यालयको ढोकामा २२ दिनदेखि थुप्रिएको पत्रिकाभित्र लैजाने तरखर गर्दै थिए, सुरक्षा गार्ड । 'बल्ल ढोका खुल्यो । अझैमाथि कोठामा विद्यार्थीले लगाएको तला खुलेको छैन,' ती सुरक्षा गार्डले भने ।

आंशिक प्राध्यापकले ताला खोलेसँगै त्रिवि आंशिक रूपमा खुलेको संकेत उनले गरे । त्यसो त सर्वोच्च अदालतले बुधबार त्रिविमा लगाएको ताला तत्काल खोल्न अन्तरिम आदेश दिएको थियो । त्यसैको दबाबमा पनि आंशिक प्राध्यापकले ताला खोल्न बाध्य भएका हुन् ।

तर नेविसंघबाट स्ववियुमा निर्वाचित भएका विद्यार्थीले भने ताला खोलेका छैनन् । 'विद्यार्थीलाई चाहिँ सर्वोच्चको आदेश नलाग्ने रहेछ कि के हो ?,' एक कर्मचारी उपकुलपति कार्यालयको मूल ढोकामा बसेर प्रश्न गरिरहेका थिए ।

शुक्रबार दिउँसोसम्म विद्यार्थीले लगाएको ताला खुलेको छैन । अदालतको आदेश गृह मन्त्रालय हुँदै जिल्ला प्रशासन कार्यालयमा आएपछि प्रहरीले ताला खोल्ने तयारी गरेको छ ।

यसरी तालाबन्दीकै बीच त्रिविले आफ्नो ६६औं स्थापना दिवस मनायो । सभामा सहकुलपति एवं शिक्षामन्त्री पन्तले तालाबन्दीको विषय उठाए ।

'हिजो अदालतको फैसलाले ताला खोल्नु भनेपछि आज कतैकतै ताला खुल्ने सुन्दै छु । त्रिविमा जटिलता छ । अफ्ठ्यारो छ,' सहकुलपति पन्तले भने, 'जटिलता हटाउनु पर्छ । सबै मिल्यौं भने विश्वविद्यालयको इतिहासलाई पुनर्स्थापना गर्न सक्छौं । गलत राजनीतिबाट मुक्त गर्नुपर्छ ।'

विद्यार्थी र प्राध्यापकको पारा देख्दा दिक्क लाग्ने गरेको समेत गुनासो सहकुलपति पन्तले गरे ।

'विद्यार्थी र शिक्षकले बाटो बिराएको छ । प्राध्यापकले बाटो बिराएपछि विद्यार्थीले सही बाटो लिन सक्दैनन् । तर यसको मूल जड राजनीति हो । र राजनीति जस्तो हुन्छ । अरू क्षेत्र पनि त्यस्तै हुने हो ।'

सभामा त्रिविका पदाधिकारीले भने तालबान्दीबारे बोल्न चाहेनन् । अदालतको आदेश कार्यान्यन भएपछि मात्र कार्यकक्षमा फर्किले सोचमा पदाधिकारी छन् ।

**८० प्रतिशत विद्यार्थी ओगटेको त्रिवि**

सबैभन्दा जेठो विश्व विद्यालय त्रिविले देशको ८० प्रतिशत विद्यार्थीलाई पढाउँदै आएको छ । उपकुलपति केसीका अनुसार त्रिवि हाल १५७ वटा युनिटमा विस्तारित छ ।

'६४ वटा आंगिक क्याम्पस छ ४४ वटा केन्द्रीय विभाग, अनुसन्धान केन्द्र डिन कार्यालय गरी १५७ वटा इकाइ र १ हजार बढी सामुदायिक र निजीलाई सम्बन्धन दिएको छ । देशको ७७ जिल्लामा विस्तार छ,' उपकुलपति केसीले भने ।

समयमा परीक्षा र नतिजा प्रकाशित नहुँदा आलोचित हुने गरेको त्रिविले गत वर्षदेखि समयमै नतिजा प्रकाशित गर्न लागेको छ ।

'परीक्षामा सुधार भएको छ । किन विद्यार्थीको संख्या बढ्यो भन्दा डेढ वर्षमा हुने नतिजालई तीन महिनामा झार्न सफल भएका छौँ,' कसीले भने, 'समयमा पढाइ, समयमा कोर्स पूरा गरेर परीक्षा भएर नतिजा आउनु अनौठो कुरा होइन । तर यही नै ठूलो उपलब्धि लिनुपर्ने परिस्थिति छ ।'

समयमै नतिजा निकालेका कारण यो वर्ष ९० हजार विद्यार्थी ग्राजुएट हुन लागेको उपकुलपति केसीले बताए । 'ग्रेसलिस्ट तयार गरिरहेका छौं । लगभग यो वर्ष ९० हजार विद्यार्थीले ग्राजुएट गर्दैछन् । निकै ठूलो संख्या हो,' उपकुलपति केसीले भने, 'संसारको धेरै विश्वविद्यालमा ९० हजार विद्यार्थी हुदैनन् ।'

यद्यपि, उपकुलपति केसीले अपेक्षा अनुसार विद्यार्थीलाई सेवा दिन नसकिएको बताए । रजिस्ट्रार केदारप्रसद रिजालले भने त्रिविमा भौतिक संरचनाको सुधार आवश्यक रहेको बताए ।

'देशको ८० प्रतिशत विद्यार्थीलाई सकिनसकी सेवा पुर्‍याएको छ । धेरैको रोजाइमा त्रिवि छ । आज पनि ४०० बढी प्रोग्राम सञ्चालन भइरहेको छ । यसैले राष्ट्रपति, प्रधानमन्त्री उत्पादन गरेको छ । विश्वभर यहाँ उत्पादन भएका पुगेका छन् । तर पूर्वाधारको अफ्ठ्यारो परेको छ,' रजिस्ट्रार रिजालले भने ।

स्थापना कालमा प्राध्यापक र विद्यार्थी बसेर त्रिविलाई अनुसन्धानमुखी बनाउने भनिए पनि त्यसो हुन सकेको छैन । 'ज्ञान उत्पादन गर्ने कुरामा फोकस छौं कि ग्राजुएट मात्र उत्थ्पादन गरिरहेका छौं यो गम्भीर प्रश्न छ,' उपकुलपति केसीले भने ।

*(स्रोत: अनलाइनखबर)*

# फ्लप श्रृंखलाले संकटमा गरिमा

काठमाडौं/कुनै पनि कलाकारको करिअर दुईटा कुरामा निर्भर हुन्छ । या त फिल्म लगातार सफल हुनुपर्‍यो या अभिनयमा अब्बल हुनुपर्‍यो । यी दुवै चिज नभए करिअरमा अगाडि बढ्न चुनौती हुन्छ । हुन त अभिनयमा अब्बल हुँदाहुँदै पनि फिल्मको असफलताका कारण करिअरलाई नै विट मार्न बाध्य भएका धेरै कलाकार छन् । यसअर्थ फिल्मको सफलता कलाकारका लागि सबैभन्दा महत्त्वपूर्ण छ ।

तर, फिल्मको सफलता सहजै मिल्ने कुरा होइन । अभिनेत्री तथा मोडल गरिमा शर्माले जति यो कुरा अरु कसले बुझेको होला र ! टिकटकबाट उदाएर त्यसकै रापतापमा म्यूजिक भिडियोमा लोभलाग्दो करिअर बनाएकी उनले फिल्ममा भने लगातार असफलता भोगिरहेकी छन् । फ्लप फिल्ममा उनको 'ह्याट्रिक' पूरा भैसकेको छ । अभिनयमा पनि उनले आफ्नो प्रभाव छाड्न सकेकी छैनन् ।

फिल्ममा उनको डेब्यु 'लण्डन टू पेरिस'बाट भएको थियो । यसमा उनी सहायक अभिनेत्रीको रुपमा थिइन् । यो फिल्मबाट उनलाई ठूलो अपेक्षा थियो । तर, फिल्म नै कमजोर हुँदा बक्स अफिसमा नराम्रोसित डुब्यो । न त उनले अभिनयमा स्याबासी पाउन सकिन् । यसपछि सहायक भूमिकामै गरिमाले फिल्म 'ह्रस्व-दीर्घ' मा काम गरिन् । यसले पनि उनको असफलताको श्रृंखला रोक्न सकेन ।

लगातार फिल्म असफल भए पनि उनीप्रति मेकरहरुको विश्वास कायमै थियो । यसैले त तेस्रो फिल्म 'जन्ते बाख्रो'मा मुख्य अभिनेत्री भएर काम गर्ने अवसर पाइन् । यसमा उनको जोडी बनेका थिए, सौगात मल्ल र आसिफ शाह । फिल्म चल्ने विश्वासमा उनी प्रचार-प्रसारमा खुब खटेकी थिइन् । तर, यसबाट पनि न सफलता मिल्यो न अभिनय रुचाइयो । यो उनका लागि ठूलो पीडा थियो । 'जन्ते बाख्रो'को असफलतापछि उनीबाट मेकरहरु तर्किन थालेका छन् । यसैले गरिमा पनि भिडियोमा फर्किएकी छन् । एकातिर लगातार फिल्म असफल हुनु र अर्कोतिर अभिनयमा निखारता नआउँदा त्यसले गरिमाको करिअरलाई ठूलो असर गरिरहेको छ । अब कम्तिमा उनले आफ्नो अभिनयमा सुधार ल्याउन आवश्यक छ । उनको सबैभन्दा ठूलो समस्या डाइलग डेलिभरीमा देखिन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।


**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मोटरसाइकल दुर्घटनामा परी राक्सिराङका प्रअको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ हेटौंडाको राप्तीरोडमा बिहीबार राति साढे ११ बजे मोटरसाइकल दुर्घटना हुँदा कालिका मावि राक्सिराङका प्रधानाध्यापकको मृत्यु भएको छ ।

पूर्वपश्चिम लोकमार्ग अन्तर्गत हेटौंडा उपमहानगरपालिका-१० राप्तीरोडमा भएको मोटरसाइकल दुर्घटनामा प्रधानाध्यापक दीपेन्द्रकुमार झाको मृत्यु भएको हो । हेटौंडाको बुद्धचोकबाट थानाभन्याङ तर्फ जाँदै गरेको ना ४३ प ४५१५ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा झाको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । राप्तीरोडमा ह्युमपाइप राख्न सडक खनिएको थियो ।



सोही खनिएको स्थानमै मोटरसाइकल दुर्घटना भई प्रधानाध्यापक झाको ज्यान गएको राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । धनुषाको जनकपुर-४ घर भएका ४५ वर्षीय झा १५ वर्षदेखि कालिका मावि अठारेमा प्रधानाध्यापक पदमा कार्यरत रहेका थिए । यसैबीच राक्सिराङ गाउँपालिका-९ खैराङ अठारेस्थित कालिका माविका प्रधानाध्यापक झाको शोकमा राक्सिराङ गाउँपालिकाले शोकबिदा दिएको छ ।

गाउँपालिकाले अध्यक्षस्तरीय निर्णयअनुसार शुक्रबार एकदिन गाउँपालिकामा रहेका सम्पूर्ण शिक्षण संस्थामा शोकबिदा घोषणा गरिएको प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर बस्नेतद्वारा जारी गरिएको सूचनामा उल्लेख गरिएको थियो ।

हेटौंडा-भीमफेदी-कुलेखानी-काठमाडौं सडकअन्तर्गत इन्द्रसरोवर गाउँपालिका-२ रातामाटेमा भएको गाडी दुर्घटनामा ५ जना घाइते भएका छन् । तीमध्ये ३ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

उपचारका निम्ति घाइतेहरूलाई काठमाडौंतर्फ लगिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले बताए । घाइतेहरुमा पर्सा जिराभवानी गाउँपालिका-३ का ३५ वर्षीय चन्द्र सन्जु, भारत विहारका ३९ वर्षीय रिसाहद कुमार, सोही ठाउँका ३५ वर्षीय शंकर कुमार गम्भीर घाइते छन् । भारत विहारकै २७ वर्षीय जताशंकर कुमार र राकेश कुमार सामान्य घाइते भएका छन् ।

हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको म.प्र.०३-००१ ज ०५५१ नं.को गाडी घुम्तीमा ब्रेक हान्दा टायर चिप्लिएर सडकबाट करिब १५ मिटर तल खसेर दुर्घटना भएको थियो । गाडीमा चालकसहित १० यात्रु रहेका थिए । गाडी चालक बारा परवानीपुरका २२ वर्षीय राजाराम साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सवारीसाधन तीव्रगतिमा चलाएका कारण दुर्घटना भएको यात्रुहरुले बताएका छन् ।

# बिपद ब्यबस्थापन तथा प्राथमिक उपचार अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ नेकपा एमाले मकवानपुरअन्तर्गत जिल्ला बिपद ब्यबस्थापन तथा स्वंमसेवा बिभागको आयोजनामा बिपद ब्यबस्थापन तथा प्राथमिक उपचार अभिमुखीकरण सम्पन्न भएको छ ।

बिभागका प्रमुख शिबहरि दाहालको अध्यक्षता एवम् नेकपा एमाले केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर रानाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बागमती प्रदेश कमिटी सदस्य सुमित्रा काफ्ले, नेकपा एमाले जिल्ला सचिव सीता बिष्ट, उपसचिव फुर्वादोर्जे लामा, जिल्ला जनसंगठन संयन्त्र प्रमुख सन्तोष पौडेल, जिल्ला बन तथा वातावरण बिभागप्रमुख पन्चमाया स्याङतान, जिल्ला स्वास्थ्य बिभाग प्रमुख उत्सब चौलागाईंले मन्तब्य ब्यक्त गरेका थिए ।

नेकपा एमाले मक्वानपुरले प्राकृतिक प्रकोप तथा अन्य बिपद प्रतिकार्यमा उद्दार, राहत तथा पुनस्थापनाको काममा स्वयंसेवकीय भुमिका निर्वाह गर्न जिल्लास्तरमा ६५ जनाको स्वयमसेवक टोली तयार गरिएको हो । नेकपा एमालेका विभिन्न जनवर्गीय संगठन तथा पार्टी कमिटीका ६५ जना स्वयमसेवकलाई तालिम प्रदान गरिएको नेकपा एमाले मकवानपुर जिल्ला बिपद ब्यबस्थापन तथा स्वयमसेवा बिभागका प्रमुख दाहालले जानकारी दिएका छन् ।

दाहालले जिल्लामा बाढी, पहिरो, डुवान, आगलागी, हुरिबतासलगायतको प्राकृतिक प्रकोप तथा अन्य बिपदमा स्थानीय प्रशासन एवम् स्थानीय सरकारसँग समन्वय, सहकार्य गरेर स्वयमसेवक परिचालन गर्ने बताए । तालिमलाइ पिताम्बर बास्तोला, लक्ष्मण भट्टराई तथा रामजी खतिवडाले सहजीकरण गरेका थिए । कार्यक्रममा पार्टी जिल्ला कमिटीका सद्स्यहरु, नगर कमिटीका पदाधिकारी एवम् सदस्यहरु, जिल्ला बिभागका सदस्यहरु तथा विभिन्न जनसंगठनका प्रमुख एवम् सदस्यको उपस्थिति रहेको थियो ।

# बागमतीको बजेट: अनाधिकृत हस्तक्षेप र सचिवमाथि दुर्व्यवहार




साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण प्रक्रियामा अनाधिकृत हस्तक्षेप भएको र मन्त्रालयस्तरीय समन्वय अभाव देखिएको कार्यदलले निष्कर्ष निकालेको छ ।

सत्तारुढ दलहरु नेपाली कांग्रेस र नेकपा एमालेको तर्फबाट गठित छानबीन कार्यदलले बजेटमा देखिएका गम्भीर समस्या र सचिवमाथिको दुर्व्यवहारबारे स्पष्ट पारेको हो । चार सदस्यीय कार्यदलले असार १७ गते बुझाएको प्रतिवेदनमा आर्थिक मामिला तथा योजना मन्त्रालयले विषयगत मन्त्रालयको सहमतिविना अनाधिकृत योजना समावेश गरेको, बजेटमा विधि तथा ऐनविपरीतका काम भएको र मन्त्री-सचिवबीचको असमझदारीले समग्र प्रक्रिया प्रभावित भएको निष्कर्ष निकालेको छ ।

कार्यदलको प्रतिवेदन अनुसार आर्थिक मामिलामन्त्री कुन्दनराज काफ्ले र मन्त्रालयका सचिवबीच जेठ ३१ गते राति विवाद भएको र त्यसको असर बजेट निर्माण प्रक्रियामा परेको छ । प्रमुख योजना हटाई नयाँ योजना थप्ने क्रममा राजनीतिक पहुँच र प्रभावलाई मुख्य आधार बनाएको पनि प्रतिवेदनमा उल्लेख छ । बजेटमा असमान वितरण, दलित, विपन्न र सीमान्तकृत समुदायको प्राथमिकतालाई बेवास्ता गरिएको, जिल्ला र समुदायबीच सन्तुलन नहुँदा सामाजिक न्यायमा आँच पुऱ्याएको कार्यदलको ठहर छ ।

सत्ता साझेदारबीच पहिले सहमति भइसकेका योजना बजेटबाट हटाइएको र त्यसको सट्टा कानुनविपरीत नयाँ योजना थपिएको कार्यदलले जनाएको छ । बजेटमा नीति स्पष्ट नभएको, मन्त्रालयबीच समन्वयको अभाव, पारदर्शिता र अध्ययन अनुसन्धानको कमी देखिएको बताइएको छ । दीर्घकालीन सुधारका लागि कार्यदलले आम्दानी स्रोतको आधारमा बजेट सिलिङ निर्धारण गर्ने, प्रदेश गौरवका योजना र प्राथमिक क्षेत्रमा प्राथमिकता दिने, एकद्वार प्रणालीमार्फत बजेट कार्यान्वयन गर्ने सुझाव दिएको छ ।

कानुनविपरीत समावेश गरिएका योजना कार्यान्वयन नगर्ने, संस्थागत चालू खर्च शीर्षकमा राखिएका योजना फिर्ता गर्न र दोहोरिएका योजना हटाउन कार्यदलले सिफारिस गरेको छ । छानबीन कार्यदलमा एमालेका प्रमुख सचेतक मधुसूदन पौडेल, केशवप्रसाद पोखरेल तथा कांग्रेसका रमेशकुमार महत र प्रभात तामाङ सदस्य थिए । प्रतिवेदन सार्वजनिक भएसँगै बजेटप्रति उठिरहेका प्रश्न गम्भीर बन्न थालेका छन् ।

# भरतपुरको प्रशासकीय भवन बनाउन ३ करोड निकासा दिने निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ बागमती प्रदेश सरकारले भरतपुर महानगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि रकम निकासा दिने निर्णय गरेको छ ।

शुक्रबार बसेको मन्त्री परिषद् बैठकले भवन निर्माणका लागि ३ करोड १ लाख रुपैयाँ रकम निकासा दिने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिए । गत आर्थिक वर्षमा प्रदेश सरकारले भरतपुर महानगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि लागत साझेदारीमा ८ करोड रुपैयाँ उपलब्ध गराउने गरी निर्णय गरेको थियो । सोहीअनुसार अहिले ३ करोड १ लाख रुपैयाँ निकासा दिने निर्णय भएको हो ।

नुवाकोटको लिखु गाउँपालिकाको केन्द्र स्थानान्तरण गर्ने स्वीकृति पनि प्रदान गरेको उनले जानकारी दिए । बैठकले साबिकको स्थानबाट वडा नम्बर-४ मा सार्ने निर्णय गरेको मन्त्री लामिछानेले बताए । लिखु गाउँपालिकाका दुई तिहाइ जनप्रतिनिधिको हस्ताक्षर सहितको प्रस्तावमा केन्द्र सार्न स्वीकृति दिएको उनले बताए । साबिकको स्थानमा जग्गा नभएर गाउँपालिकाको प्रशासनिक कार्य सञ्चालनमा बाधा पुगेकाले वडा नम्बर-४ मा जग्गा प्राप्ति गरेर केन्द्र सार्न प्रस्ताव गरिएको उनले बताए । बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव वैकुण्ठ अधिकारीको वैदेशिक भ्रमण स्वीकृत गरेको छ । सचिव अधिकारी आगामी असार ३१ गतेदेखि साउन ५ गतेसम्म भियतनाममा हुने कार्यक्रममा सहभागी हुन वैदेशिक भ्रमणमा जानेछन् ।

# हेटौंडामा टिभिएसको 'मनसुन प्लान्टेसन एक्सचेन्ज म्यानिया'

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ टिभिएसको नेपालका लागि आधिकारिक बितरक जगदम्बा मोटर्स प्रालिले हेटौंडामा टिभिएसको मनसुन प्लान्टेसन एक्सचेञ्ज म्यानिया सञ्चालन गर्ने भएको छ ।

हेटौंडाको रानीदरबार अगाडि रहेको टिभिएसको आधिकारिक सर्भिस सेन्टर हेटौंडा अटो मार्टमा हेटौंडाको कफीबार अगाडि मनसुन प्लान्टेसन एक्सचेञ्ज म्यानिया हुने हेटौंडा अटो मार्टका सञ्चालक प्रवेशराज बरुवालले बताए । एक्सचेञ्ज म्यानिया असार २२ देखि २७ गतेसम्म ६ दिन संचालन हुनेछ । उनले एक्सचेञ्ज म्यानियामा जुनसुकै पुरानो मोटरसाइकलको कम्तिमा ३० हजार मूल्यांकनसहित १० हजार थप मूल्यांकन गरिने बताए ।

मोटरसाइकल तथा स्कुटर खरिदमा कम्तिमा ८ हजार छुटका साथै शून्य प्रतिशत ब्याजदरमा किस्ताबन्दी सुबिधा रहेको हेटौंडा अटो मार्टले जनाएको छ । मनसुन प्लान्टेसन एक्सचेञ्ज म्यानिया अन्तरगत वृक्षरोपण कार्यक्रम समेत टिभिएसले ल्याएको छ । पर्यावरण संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले टिभिएसका ग्राहकले कम्तिमा एउटा बिरुवा रोपेर सामाजिक संजालमा पोष्ट गर्नेमध्ये देशभरबाट लक्की ड्र मार्फत १० जनालाई ५ बर्षसम्म सडक कर छुट हुने समेत जगदम्बाले जनाएको छ ।

त्यस्तै हेटौंडा अटोमार्टमा असार २२ देखि २४ गतेसम्म तीनदिन बिशेष मनसुन सर्भिस क्याम्प सञ्चालन हुनेछ । सर्भिस क्याम्पमा सवारीसाधन मर्मतका लागि आउने ग्राहकको लागि एकथान आकर्षक टिसर्ट उपलब्ध गराईनुका साथै स्पेयर पार्टस् र इञ्जिन आयलमा १० प्रतिशत छुटका साथै लेवर चार्जमा ५० प्रतिशत छुट हुनेछ । सर्भिस क्याम्पकै अवसरमा टिभिएसका सवारी साधन बिशेष छुट सुविधा सहित वार्षिक मर्मत सम्झौता गरिने अर्का सञ्चालक कञ्चन बुढाथोकीले बताए ।

# लागूपदार्थ सेवन न्यूनीकरणमा मन्त्रालय सक्रिय हुन्छ: मन्त्री थापा

साझाकुरा संवाददाता

हेटौंडा, २० असार/ बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले पछिल्लो समय समाजमा लागूपदार्थ सेवन गर्नेहरुको संख्या तीव्रगतिमा बढ्दै गएकोप्रति गम्भीर चिन्ता व्यक्त गर्दै यसको न्यूनीकरणका लागि स्वास्थ्य मन्त्रालय सक्रिय रुपमा लाग्ने बताएका छन् ।

'एउटा व्यक्तिको कुलतले घर, परिवार र समाज नै कलंकित हुन्छ,' मन्त्री थापाले भने । शुक्रबार लागूऔषध सेवन परीक्षण कीट हस्तान्तरण कार्यक्रममा मन्त्री थापाले लागूपदार्थको समस्या केवल चालक वा विशेष वर्गको मात्र नभई सम्पूर्णको रहेको बताए । 'हामीले चालकलाई मात्र होइन, समाजलाई नै लक्षित गरी चेतना अभिवृद्धि तथा सुधार कार्यक्रम अघि बढाउनुपर्छ,' मन्त्री थापाले बताए । लागू वा मादकपदार्थ सेवन गरेर सवारी साधन चलाउने चालकको सवारी अनुमतिपत्र (लाइसेन्स) खारेजको प्रक्रिया सम्बन्धित मन्त्रालयको समन्वयमा अगाडि बढाउने विषयमा छलफल भइरहेको पनि उनले जानकारी दिए ।

यस कदमले सवारी सुरक्षामा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरिएको छ । स्वास्थ्य मन्त्रालयका सचिव डा. सुमित्रा गौतमले कुलत नियन्त्रणका लागि वर्षैभरि लागू र मादकपदार्थ सेवन परीक्षण कार्यक्रम चलाउनुपर्नेमा जोड दिइन् । 'जनचेतना अभियान निरन्तर हुनुपर्छ । लागूपदार्थमा फसेपछि त्यसबाट निस्कन गाह्रो हुन्छ, त्यसैले समयमै रोकथाममा ध्यान दिनुपर्छ,' उनको भनाइ थियो ।

बागमती प्रदेश राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन समितिका प्रहरी उपरीक्षक (एसपी) नरेश सुवेदीले लागूपदार्थ प्रयोगबाट हुने दुर्घटना र आपराधिक गतिविधि उल्लेखनीय रुपमा बढेको जानकारी दिए । 'सवारीचालकमा लागूपदार्थ सेवन गरेको अवस्थामा दुर्घटनाको जोखिम धेरै हुन्छ । किशोर तथा युवा बढी जोखिममा छन्, एम्बुलेन्स चालक समेत यसमा संलग्न पाइएका छन्,' सुवेदीले भने ।

स्वास्थ्य मन्त्रालयले सडक दुर्घटना न्यूनीकरण तथा लागूपदार्थको सेवन नियन्त्रण गर्न १३४० थान लागूपदार्थ सेवन परीक्षण कीट हस्तान्तरण गरेको हो । स्वास्थ्यमन्त्री थापाले एसपी सुबेदीलाई कीट गरेका हुन् ।

## ऋणी सदस्यहरुलाई बिशेष सूचना !

*आदरणिय ऋणी सदस्य महानुभावहरु,*

आर्थिक वर्ष २०८१/०८२ को साल तमामी नजिकदै गर्दा आ-आफुले उपभोग गरेको कर्जाको सावाँ तथा ब्याज यहि २०८२ आषाढ ३१ गते अगावै बुझाई कर्जा नियमित गराउन एवम् असल ऋणी सदस्यको पहिचान बनाई राख्न हार्दिक अनुरोध गरिन्छ । सहकारी संस्थाहरुको ऋण असुलीका लागी नेपाल सरकारबाट भरखरै राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ऋण असुली न्यायाधिकरण समेत गठन भइ प्रत्येक सहकारी संस्थाहरुलाई अनिवार्य रुपले कर्जा सूचना केन्द्रमा आवद्धता जनाउन निर्देश गरिसकेको अवस्थामा साल तमामीको अन्त्य सम्म आ-आफुले उपभोग गरेको कर्जाको साँवा ब्याज नबुझाउने वानियमित नगर्ने सदस्यहरुको नामावेशी दुवै विभागमा अनिवार्य रुपले अभिलेख उतार गरी सबै सहकारी संस्थाहरुले आ-आफ्नो संस्थाका सदस्य ऋणीहरुको कर्जाको बिवरण सहित तीनपुस्ते अभिलेख पठाउन र पत्रिकामा प्रकाशित गर्न संस्था बाध्य हुने यसै सूचनामार्फत सम्पूर्ण ऋणीहरुलाई जानकारी गराईन्छ ।

**ग्रिन्डलेज बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-१०, टि.सि.एन. रोड
सम्पर्क नं.०५७-५२६४९५

## जिल्ला समन्वय समितिको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश

## जनचेतनामूलक सूचना !

मनसुनको समयमा बाढी, पहिरो, डुबान, चट्याङ् र पानीजन्य रोगहरू जस्ता विपद् आउने सम्भावना बढी हुन्छ । यसलाई पूर्णरूपमा रोक्न नसकिए पनि समयमै सतर्क भइ जोखिम कम गर्न सकिन्छ ।

- वर्षा सुरु हुनुअघि नै जोखिमयुक्त क्षेत्रको पहिचान गरौं ।
- पानीको निकास व्यवस्थापन गरौं, कुलो र नाली सफा राखौं ।
- रातको समयमा वर्षा भएमा सतर्क रहौं, सुरक्षित ठाउँमा सर्न तयार रहौं ।
- विपद्को घटना घट्ने बित्तिकै नजिकको प्रहरी कार्यालय वा स्थानीय तहलाई समयमै खबर गरौं ।
- सुरक्षित स्थान, बाटो र उद्धार केन्द्रको पहिचान गरौं ।
- विपद्को समयमा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथाअपांगता भएका व्यक्तिहरूको विशेष ख्याल गरौं ।
- जल तथा मौसम विज्ञान विभागको २४ सै घण्टाको मौसमी अपडेट र बाढी पूर्वानुमान शाखाको सूचना नियमित रुपमा हेरौ ।
- घरमा आपतकालीन पूर्वतयारीका सामानहरु जस्तै प्राथमिक उपचारका सामान, टर्चलाइट, खानेकुरा, पानी आदि व्यवस्था गरौं ।
- लामो यात्रामा निस्कनु अघि मौसमको पूर्ण जानकारी लियौं ।
- स्थानीय विपद् व्यवस्थापन समितिसँग सहकार्य गरौं ।
- विपदबाट आफू पनि जोगियौ र अरुलाई पनि जोगाउ ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना